राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक २०७ | २०८२ चैत्र २८ गते शनिवार | (Saturday, 11 April, 2026) | पृष्ठ ४ | मुल्य रु. ५

### बोलीमै अड्कियो मन्त्रीको अश्वासन

# पैसाको अभावमा छोराको उपचार रोकिँदा निराश छन् रामवरण

**कमलेश ठाकुर**

*जनकपुरधाम, चैत्र २७ गते ।*

प्रादेशिक अस्पताल जनकपुरधामको सघन कक्ष (आईसीयू)मा अजयकुमार कापर चार दिनदेखि उपचाररत छन् । उनी अचेत अवस्थामा छन् । उनका आँखा चार दिनदेखि खुलेको छैन । उनको बोली सुन्न बुवा रामवरण कापर लालायित छन् ।

गएको मंगलबार (चैत २४) माध्यमिक शिक्षा परीक्षा (एसईई) दिएर घर फर्कँदै गर्दा महोत्तरीको एकडारा गाउँपालिका-५ मा मोटरसाइकल दुर्घटना हुँदा अजयसहित तीनजना गम्भीर घाइते भएका थिए । दुर्घटनापश्चात् मोटरसाइकलमा आगलागी हुँदा जलेर घटनास्थलमै अरू तीनजनाको मृत्यु भएको थियो ।

गम्भीर घाइते भएका अजयलाई सुरुमै प्रादेशिक अस्पतालमा लगिएको थियो । अस्पतालका न्युरोसर्जन डा. प्रधुम्नकुमार यादवले त्यसको भोलिपल्ट उनलाई 'रेफर' लेखिदिएका बुवा रामवरण बताउँछन् । "डाक्टर साबले आएको भोलिपल्टै बाहिर लैजान भन्नुभयो, रेफर लेखिदिनुभयो," उनले भने, "यहाँबाट लग्न एम्बुलेन्सलाई तिर्ने पैसा समेत छैन । बेटाको उपचार कसरी गराउँछु ?"

टाँगा (रिक्सा) चलाएर चार सन्तान हुर्काएका रामवरण विपन्न छन् । दैनिक मजदुरी गरेर घर चलाइरहेका छन् । पैसा अभावमा छोराको उपचार गराउन नसकेको उनले सुनाए । छोराको अवस्था हेर्दा राति निद्रा लागेको छैन भन्छन्, उनी । कोही भेट्न आउँदा रामवरण भक्कानिएर रुन्छन् । छोरालाई बचाउन उनले हरसम्भव प्रयास गरिरहेका छन् । "पैसाको उपाय पनि भइरहेको छैन । गरिबलाई कसैले ऋण पनि दिन मानेको छैन," उनले भने, "छोराको अवस्था हेरेर भोक, निन्द्रा सबै हराएको छ ।"



प्रादेशिक अस्पताल जनकपुरधामका निर्देशक डा. जामुनप्रसाद सिंहले अजयको अवस्था जटिल रहेको जानकारी दिए । अजयको स्वास्थ्य अवस्थामा सुधार भएको तर खतरामुक्त भइनसकेको उनले बताए । प्रादेशिक अस्पतालमा न्युरो सर्जनको टिम नहुँदा रेफर लेखिएको उनको भनाइ छ ।

तर, अजयको उपचारमा संलग्न डा. यादवले आफूले रेफर नलेखेको जिकिर गरे । "हामीले सक्दो प्रयास गरिरहेका छौँ । पहिलाभन्दा सुधार पनि भएकै छ," उनले अजयका बुवालाई भनेको भनाइ सुनाए, "हामीले प्रयास गर्ने हो, पूर्ण ग्यारेन्टी लिँदैनौँ । बाँकी कहाँ उपचार गराउने अभिभावकको हातमा हुन्छ । तपाईं जहाँ पनि उपचार गराउन स्वतन्त्र हुनुहुन्छ ।"

डा. यादवका अनुसार पनि अजयको अवस्था जटिल छ । भेन्टिलेटरको सहायतामा उपचार भइरहेको छ । मेडिकलको भाषामा यो 'सिभियर इन्जुरी' छ । 'नन सर्जिकल' छ । चिकित्सको टिमले सक्दो प्रयास गरिरहेको छ ।

सोही दुर्घटनामा घाइते भएका रोहित दास र अभय कापरको अवस्था पनि गम्भीर छ । यी दुवैजनाको उपचार जनकपुरधामस्थित रामजानकी अस्पतालमा भइरहेको छ । अर्थोसर्जन डा. ऋषिकेशप्रसाद साहका अनुसार, रोहितको बायाँ खुट्टा भाँचिएको छ । अनुहारका तीन ठाउँमा गम्भीर चोट छ । तुरुन्त शल्यक्रिया गर्नुपर्ने अवस्था छ । तर, पैसा नबुझाएका कारण शल्यक्रिया हुन सकेको छैन । अभयको अवस्था पनि जटिल छ । पैसा अभावमा उपचार अगाडि नबढेको उनका बुवा लखिन्द्र कापरले बताए । घरको अवस्था सुनाउँदै अभयकी आमा अशादेवीले पनि छोराको भविष्य जोगाइदिन अनुरोध गरिन् ।

मोटरसाइकल दुर्घटनामा परेर घाइते भएका उनीहरू तीनैजनाको उपचार मधेस प्रदेश सरकारले निःशुल्क गर्ने शिक्षा तथा संस्कृतिमन्त्री रानी शर्मा तिवारीले घोषणा गरेकी थिइन् । तर, उनीहरूका अभिभावकले पैसा अभावमा छोराको उपचार अगाडि बढ्न नसकेको गुनासो गरिरहेका छन् । मन्त्री शर्माको आश्वासन बोलीमै सीमित भएको अभिभावकको आरोप छ ।

**कसरी भएको थियो दुर्घटना ?**

जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी निरीक्षक विश्वम्भर साहका अनुसार, मंगलबार एसईई दिएर विद्यार्थी घर फर्किरहेका थिए । एउटा मोटरसाइकलमा चारजना सवार थिए । अर्को मोटरसाइकलमा दुईजना सवार थिए ।

जलेश्वर नगरपालिका-६ का सुभाष दास, रवि दास, रोहित दास र अभय कापर एउटा मोटरसाइकलमा सवार थिए । उनीहरू एकडारा गाउँपालिका-६ स्थित जनता माध्यमिक विद्यालयबाट जलेश्वरतर्फ आइरहेका थिए । उक्त बीएपीआरए-०६-००७ पीए ०७१७ नम्बरको मोटरसाइकल रोहितले चलाएका थिए । मोटरसाइकल चालक रोहित घाइते छन् । पछाडि सवार सुभाष र रविको मृत्यु घटनास्थलमै भएको थियो । सुभाष र रवि दाजुभाइका छोरा हुन् । उनीहरूका अर्का साथी अभय पनि घाइते छन् । रामजानकी अस्पतालमा रोहित र अभयको उपचार भइरहेको प्रहरी निरीक्षक साहले जानकारी दिए ।

एकडारा-३, अजमरपट्टीका अभिशेष मण्डल र जयकुमार कापर प्रदेश २-०२-००३ प ८६३४ नम्बरको अर्को मोटरसाइकलमा सवार थिए । यी दुई मोटरसाइकल आपसमा ठोक्किएर दुर्घटना भएको हो । प्रदेश २-०२-००३ प ८६३४ नम्बरको मोटरसाइकलमा सवार मण्डलको मृत्यु भएको छ । घाइते कापरको उपचार प्रादेशिक अस्पतालमा भइरहेको प्रहरीले जनाएको छ ।

# २५ वर्षकी रूबी ठाकुर बनिन् उपसभामुख

**द पब्लिक टुडे समाचारदाता**

*ढल्केवर, चैत्र २७ गते ।*

प्रतिनिधिसभाको नवनिर्वाचित उपसभामुख रुवी कुमारी ठाकुरले शपथ लिएकी छन् ।

राष्ट्रपति भवन शीतल निवासमा शुक्रबार साँझ आयोजित एक समारोहमा उपसभामुख ठाकुरले राष्ट्रपतिको उपस्थितिमा सभामुख डोलप्रसाद अर्यालसमक्ष पद तथा गोपनियताको शपथ लिएकी हुन् । ठाकुर प्रतिनिधिसभामा शुक्रबार भएको उपसभामुखमा निर्वाचनबाट निर्वाचित भएकी हुन् ।



**रुबिकुमारी ठाकुर**

*उपसभामुख*

श्रम संस्कृति पार्टीकी सांसद रुवि राष्ट्रिय स्वतन्त्र पार्टीको समर्थनमा उपसभामुख भएकी हुन् । रुवीलाई उपसभामुख निर्वाचित गरियोस् भन्ने प्रस्तावको पक्षमा २ सय २९ सांसदले मतदान गरेका थिए । उक्त प्रस्तावको विपक्षमा ५ सांसदले मतदान गरे । रुवीलाई उपसभामुख निर्वाचित गरियोस् भन्ने प्रस्तावको विपक्षमा राप्रपाका सांसदले मतदान गरेका हुन् । २२ सांसदले भने पक्ष र विपक्ष कतै पनि मतदान गरेनन् । उक्त प्रस्तावमा मतविभाजन गर्दा प्रतिनिधिसभा बैठकमा २ सय ५६ सांसद उपस्थित थिए ।

'मेरो परिवार र म जस्ता मान्छेले सांसद बन्छु भन्नु पनि सपना जस्तै हो । तर म जस्तो पहुँच नभएको कमजोर परिवारका मान्छेलाई सांसद र त्यसपछि उपसभामुख बनाउनु श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क सम्पाङको सरप्राइज नै हो,' रुबिले खुसी व्यक्त गरिन् ।

रुबी आफ्नो पदीय भूमिका कुशलतापूर्वक निर्वाह गर्ने बताउँछिन् । वैदेशिक रोजगारीको पीडा र मधेशमा जरा गाडेर बसेको दाइजो प्रथाविरुद्ध काम गर्नु आफ्नो प्रमुख एजेन्डा भएको उनले बताइन् । यस विषयमा उनले बुधबार सदनमा शून्य समयमा बोल्दै आवाज उठाएकी थिइन् । वैदेशिक रोजगारीको पीडा उनले नजिकबाट बुझेकी छन् । किनभने, उनका बुबा शोगारथ २५ वर्ष विदेशमा श्रम गर्दा परिवारले भोग्नुपरेको दुःखको अनुभव उनलाई छ ।

**मन्त्रिपरिषद् विस्तार**

# महोत्तरीकी गौरी र सप्तरीका रामजीले लिए मन्त्रीको सपथ

**काठमाडौं** : प्रधानमन्त्री बालेन्द्र शाहले मन्त्रिपरिषद् विस्तार गरेका छन् । सरकार गठनको १५औं दिनमा प्रधानमन्त्री शाहले रामजी यादवलाई श्रम रोजागार तथा सामाजिक र गौरीकुमारी यादवलाई उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रीमा नियुक्त गरेका हुन् ।

प्रधानमन्त्री बालेन्द्र शाहको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले शुक्रबार शीतल निवासमा आयोजित विशेष समारोहबीच दुई नवनियुक्त मन्त्रीलाई पद तथा गोपनियताको सपथ खुवाएका हुन् ।

इन्जिनियरिङ पृष्ठभूमिबाट राजनीतिमा आएका नवनियुक्ति श्रममन्त्री यादव सप्तरीको राजविराजका छन् । बिहीबार मात्रै प्रधानमन्त्री शाहले दीपक साहलाई श्रम, रोजागार तथा सामाजिकमन्त्रीबाट बर्खास्त गरेका थिए । शुक्रबार सो जिम्मेवारी रामजी यादवलाई दिइएको हो । मन्त्री यादव हालै सम्पन्न निर्वाचनमा सप्तरी- २ बाट निर्वाचित रास्वपाका सांसद हुन् ।

प्रधानमन्त्री शाहले सम्हाल्दै आएको उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्रीमा भने गौरीकुमारी यादवलाई नियुक्त गरेका छन् । उद्योगमन्त्री यादव महोत्तरी-४ बाट रास्वपाबाट निर्वाचित सांसद हुन् ।

## कविता



# वसन्त

***

मेघराज पौड्याल
'हात्तीवने'

आयो वसन्त ऋतु गर्दछ कामकाज
ऐंसेलु टिप्नतिर लाग्छ कतै समाज
हाम्रा हिमाल चुचुरा पनि खुल्नथाले
खोज्दै सिला सकल कालिज डुल्नथाले ॥

प्यारा युवा समयमै अब उठ्न थाले
माता पिता मठपुगी नव दीप वाले
छाँगा र ताल सुकिला दहमा झरेका
खेती गरी कृषकले धरती भरेका ॥

नागी सबैतिर फुले बनका गुराँस
वेली फुले मगमगी छ दिँदै सुवास
खोला सुसाउँछ सधैं रसिलो बनेली
फुल्छन् गुलाफसँग सुन्दर ती चमेली ॥

लिच्ची र आँप सबका ढकमक्क फुल्दा
सानन्द हुन्छ दिलमा नित व्योम खुल्दा
सेतै तरी वन भए सखुवा फुलेर
पाखो छ कन्चन उँभो धुसरे झुलेर॥

सुत्छन् प्रसन्न मनले बबुरा ! किसान
हिड्छन् उठेर बिचरा ! नहुँदै बिहान
मेलो जहाँछ धरती खनजोत गर्छन्
त्यो कागुनोसँग मकै मुडमास छर्छन्॥

## गजल



उज्वल उजागर गौतम

मध्यरात तिम्रो याद आउंछ अनि गजल कोर्छु
जूनले तिम्रै मुहार सम्झाउंछ अनि गजल कोर्छु

बिज्ञानले निर्जिवसंग तुलना गरेतापनी
तिम्रो तस्विर मुस्कुराउंछ अनि गजल कोर्छु

सुगन्ध तिम्रो छर्दै गोधुली यो सांझमा
जब पारिजात मगमगाउंछ अनि गजल कोर्छु

उता मेरो सम्झनामा तिमी हिरिक्कै हुन्छ्यौ
यता दाहिने आंखा फरफराउंछ अनि गजल कोर्छु

## गजल



शब्दको खेलाडी
विराटनगर

कुन बाटोमा मैले मेरो शब्दहरू छोडी आएँ
अनायासै आज फेरि मेरो कलम तोडी आएँ॥

माया प्रेमले डुबाएको मेरो इच्छा आकांक्षाले
कहिल्यै आफ्नो नहुनेसंग मैले मुटु जोडी आएँ ॥

आफ्नो भन्नु यही एउटा साहित्य साथी थियो
आज फेरि सिर्जनाको प्रवेशद्वार फोडी आएँ॥

भर्खर मात्र महाकाव्यको पाण्डुलिपि तयार थिए
बिर्सिएका शब्दकोशका लाखौं बिउ गोडि आएँ॥

डुब्ने छैन कसैको झुठो प्रेमको आश्वासनमा
बिरक्त प्रेमको संसारबाटै पाइला मेरो मोडी आएँ॥

## कविता



# मेरो लक्ष्य

***

सुरुचि चौधरी
जनता माध्यमिक विद्यालय गौरिडाँडा
बर्दिवास, महोत्तरी

मेरो लक्ष्य जति टाढा भाग्न खोज्छ
मेरा आँखाले नियाली रहेका छन्
हिँडाइमा आलस्य हुँदा र थकान पनि
मनमा आशा र विश्वास दर्बिलो छ।

असफलताले रोक्न खोजे पनि
 म त कहिल्यै हार मान्दिन नि
सपना बोकी अघि सधैं बढ्नेछु
अवस्य सही बाटोमा हिड्ने छु।

आज गरेको मेहनतको पसिनाले
भोलिको उज्यालो भविष्य कोर्ने
यसैमा मेरो सुन्दर भविष्य बन्छ
अवस्य लक्ष्यले भविष्य निर्माण हुन्छ।

## कविता



# पहिलो शब्द नै आमा

***

विद्युत गुरुङ
गोरुबथान, भारत

यस संसारमा पहिलो चोटि
जब मैले आँखा उघारेँ
मेरो नजरअगाडि
आमाको मुहार देख्न पाएँ

जब मेरो तोते बोली लाग्न थाल्यो
पहिलो शब्द नै आमा आमा थियो
"थिरी नानी थिरी" भन्दै
यस धरतीमा खडा गराउने पनि
पहिलो व्यक्ति मेरी आमा नै हुन्

मेरो भोक, मेरो तिर्खा बुझिदिने
त्यस समय मेरी आमा नै हुन्
बिमारी हुँदा म
छातीमा मलाई च्यापी
भोक सहेर, तिर्खा सहेर
अनेकौं रातहरू जागा आँखा लिएर
मलाई सुम्सुमाउने मेरी आमा हुन्

कलिला हातका औंला पकडेर
उकाली-ओराली गोरेटाहरूमा
हिँड्न सिकाउने पनि मेरी आमा हुन्

मलाई मेरो भाषामा बोल्न सिकाउने पनि
मेरी आमा नै हुन्
अनि त मलाई मेरो भाषामा
बोल्न गर्व लाग्छ
मलाई राम्रो संस्कार दिएको
मेरी आमाले नै हुन्

अनि त म आमाले सिकाएको
संस्कार कदापि भुल्न सक्दिनँ
आफूभन्दा ठूला बडाहरुलाई आदर, मान-सम्मान
आफूभन्दा साना भाइ-बहिनीलाई माया-प्रेम गर्न
ज्ञान आमाबाट पाएको छु

सबैसँग मिठो प्रेमभावमा
बोलेको देख्छु आमा
अनि त आमाको व्यवहार
सबै ममा पनि छ

अन्धकार कोठाभित्र दियो बाले
उज्यालो प्रकाश छर्छ
सधैं खुसीले आमा मुस्कुराइदिए
यो मेरो जिन्दगी
हाँसी-खुसीले बित्छ ॥

## कविता



# मेरो गाउँधर

***

स्मारिका अधिकारी
जनता माध्यमिक विद्यालय गौरिडाँडा
बर्दिवास, महोत्तरी

जति टाढा भए पनि सम्झना त्यो ठाउँको
सपना जपना आइरहन्छ मलाई त्यही गाउँको
कसरी बुझाउँ यो मेरो मन अन्जान ठाउँमा
सबैले धेरै सम्झेका होलान् मलाई त्यो गाउँमा।

गुन्यू चोलो लगाएर आमाले पोतेको घर
बुझेको छु आमा हुन् मेरी सम्पूर्ण संसार
आउँछ धेरै शोभा धान तोरी बालीमा
लहरे दन्त झैं देखिन्छन् भटमास आलिमा।

## कविता



# बुबाआमा


***

प्रशंसा वाग्ले
जनता माध्यमिक विद्यालय गौरिडाँडा
बर्दिवास, महोत्तरी

बुबाआमा माया हुन् न्यानो घाम जस्तै
गर्मी मौसममा शीतल छायाँ जस्तै
दुखमा साथ सुखमा हाँसो सँधै हुन्छ
छोराछोरीलाई गाह्रो परे दुबैको मन रुन्छ।

उहाँहरु हाम्रो जीवनका आधार हुन्
उहाँ कै आशीर्वादले सजिन्छ सारा संसार
बाआमाको काख सँधै स्वर्ग जस्तो
यो धर्तीमा पाइन्न माया यस्तो।

## कविता



# असल/खरब आफैं छ मान्छे

***

सीता शर्मा पन्थी
वीरगन्ज

मान्छे असल
कि खराब
कसरी हुन्छ ?
सबैको
आफ्नै बुझाइ हुन्छ
तर मान्छे जन्मिदा
ऊ मान्छे
असल
वा खराब भएर आउँदैन
ऊ केवल
मान्छे भएर आएको हुन्छ

उसको परिवेश
वातावरण
रहनसहन
उठबस
 उसको चेतना
विचार
भावना
दयामाया
आदि कुराले आफैं
मान्छे बन्दै जान्छ
असल सोच
र विचार भएका
मान्छेका सङ्गतले
मान्छे असल बन्न सक्छन्
 यस्ता मान्छे
तार्किक
र बौद्धिक
क्षमतावान हुन्छन्

अरूको डाह
ईर्ष्या गर्दैनन्
साथ
र सहयोगको हात
सदैव बढाएर
समाजमा
चेतनाको बिगुल
फुकेको हुन्छ

खराब सोच
विचारका मान्छे
सबैको खुट्टा तान्ने
कुरा काट्ने
झगडा लगाउनमा
तल्लिन भएर
आफूलाई चिनाई रहेको हुन्छ
आफ्नो समाजमा

अब आफूलाई
कस्तो मान्छे बन्ने?
यो निर्णय  आफूले नै
विचार गर्नु पर्ने
बेला आएको छ
किनकि
मान्छेमा असल/खराब
दुवै गुण
सदैव सँगै रहेको हुन्छन्
किनकि
असल/खराब  आफैं छ मान्छे
!!

# लोकसेवा परीक्षाको तयारी सामग्री

धीरेन्द्र कुमार महतो
प्रस्तुतकर्ता



**१. विश्व बैंकले सार्वजनिक गरेको पछिल्लो प्रतिवेदन अनुसार आर्थिक वर्ष २०८२/८३ मा नेपालको आर्थिक वृद्धिदर कति प्रतिशत रहने प्रक्षेपण गरिएको छ?**

A) ४.६५%
B) ४.४५%
C) २.३५%
D) ७.५%

**उत्तर : C) २.३५%**

**विश्व बैङ्कद्वारा नेपालको आर्थिक वृद्धिदर २.३५% रहने प्रक्षेपण**

- ✓ प्रक्षेपक संस्था: विश्व बैङ्क
- ✓ सम्बन्धित देश: नेपाल
- ✓ अनुमानित आर्थिक वृद्धिदर: २.३५ प्रतिशत
- ✓ प्रतिवेदनको नाम: नेपाल डेभलपमेन्ट अपडेट (शीर्षक: 'आर्थिक वृद्धि दबाबमा : आन्तरिक र विश्वव्यापी आघातको सामना')
- ✓ सम्बन्धित व्यक्ति: डेभिड सिस्लेन (विश्व बैङ्कका माल्दिभ्स, नेपाल र श्रीलङ्काका लागि डिभिजन निर्देशक)

**(तुलनात्मक तथ्याङ्क)**

- ✓ अघिल्लो आर्थिक वर्ष: हाल प्रक्षेपण गरिएको २.३५ प्रतिशत वृद्धिदर अघिल्लो आर्थिक वर्ष २०८१/८२ को ४.६५ प्रतिशत भन्दा आधा कम हो।
- ✓ आगामी आर्थिक वर्षको अनुमान: पुनर्निर्माण कार्य, जलविद्युतको निरन्तर विस्तार र २०८४ मा हुने प्रदेश तथा स्थानीय निर्वाचनसँग सम्बन्धित उपभोगका कारण आव २०८४/८५ मा आर्थिक वृद्धिदर औसत ४.४५ प्रतिशत पुग्ने अपेक्षा विश्व बैङ्कले गरेको छ।
- ✓ दक्षिण एसियाली परिदृश्य: 'औद्योगिक नीतिसँगको सहकार्य' विषयक पछिल्लो दक्षिण एसियाली आर्थिक अध्ययन अनुसार, दक्षिण एसियाको समग्र आर्थिक वृद्धिदर सन् २०२५ को ७.५ प्रतिशतबाट घटेर सन् २०२६ मा ६.३५ प्रतिशत हुने र सन् २०२७ मा पुनः ६.९ प्रतिशतमा फर्किने प्रक्षेपण गरिएको छ।

**२. आर्टेमिस-२ मिसन अन्तरिक्ष यात्रीहरूलाई लिएर कहिले प्रक्षेपण गर्ने तालिका रहेको छ?**

A) सन् २०२५ डिसेम्बर
B) सन् २०२६ अप्रिल
C) सन् २०२६ मे
D) सन् २०२७ अप्रिल

**उत्तर : B) सन् २०२६ अप्रिल**

**नासाको आर्टेमिस-२ मिसन: ५४ वर्षपछि चन्द्र-कक्षमा मानवको ऐतिहासिक पुनरागमन**

- ✓ मिसनको नाम: आर्टेमिस-२ (Artemis II)
- ✓ आयोजक संस्था: अमेरिकी अन्तरिक्ष एजेन्सी (NASA)
- ✓ प्रक्षेपण समय: अप्रिल २०२६ (चैत २०८२)
- ✓ रेकर्ड कहिले तोडिएको हो ? : सन् २०२६ अप्रिल ६
- ✓ प्रक्षेपण स्थल: केनेडी स्पेस सेन्टर, फ्लोरिडा (अमेरिका)
- ✓ प्रयोग गरिएको रकेट र यान: स्पेस लन्च सिस्टम (SLS) रकेट र ओरियन (Orion) क्याप्सुल
- ✓ मिसनको अवधि: करिब १० दिन
- ✓ अन्तरिक्ष यात्रीहरू कति जना ? : ४ जना
  - रीड वाइसम्यान : मिसन कमान्डर (अमेरिकी )
  - क्रिस्टिना कोच : चन्द्रमाको मिसनमा जाने पहिलो महिला अन्तरिक्ष यात्री
  - भिक्टर ग्लोभर : चन्द्रमाको मिसनमा जाने पहिलो अश्वेत अन्तरिक्ष यात्री
  - जेरेमी ह्यान्सन : क्यानेडियन अन्तरिक्ष यात्री (चन्द्रमाको मिसनमा जाने पहिलो गैर-अमेरिकी नागरिक)
- ✓ आर्टेमिस-२ मिसनले अन्तरिक्ष यात्रीहरूलाई पृथ्वीबाट २ लाख ५२ हजार माइल (४ लाख ६ हजार किलोमिटर) टाढा पुर्याएर मानव इतिहासमै सबैभन्दा टाढा पुग्ने नयाँ रेकर्ड कायम गरेको छ।
- ✓ अन्तरिक्ष यात्रीहरूले पृथ्वीबाट खिचेको शानदार रङ्गीन तस्बिरलाई 'हेलो वर्ल्ड' (Hello World) नाम दिइएको छ।
- ✓ यसअघि सन् १९७२ मा नासाको अपोलो १७ (Apollo 17) मिसनमार्फत अन्तिम पटक मानिस चन्द्रमामा पुगेको थियो। आर्टेमिस-२ त्यसको ५४ वर्षपछिको पहिलो मानवयुक्त चन्द्र मिसन हो।
- ✓ यस अघि सन् १९७० को अपोलो १३ (Apollo 13) मिसनले पृथ्वीबाट सबैभन्दा टाढा (२ लाख ४८ हजार माइल) पुग्ने रेकर्ड बनाएको थियो, जसलाई आर्टेमिस-२ ले तोडेको छ।
- ✓ यस मिसनको सफलतासँगै नासाले सन् २०२८ मा हुने 'आर्टेमिस-४' मिसनमार्फत पुनः चन्द्रमाको सतहमा मानव पाइला टेकाउने योजना राखेको छ।

**३. नेपाल सरकारले नेपाल राष्ट्र बैंकको डेपुटी गभर्नरमा कसलाई नियुक्त गरेको छ?**

A) डा. गुणाकर भट्ट
B) डिल्लीजङ्ग थापा
C) बमबहादुर मिश्र
D) किरण पण्डित

**उत्तर : D) किरण पण्डित**




**नेपाल राष्ट्र बैंकको डेपुटी गभर्नरमा किरण पण्डित नियुक्त**

- ✓ को नियुक्त भयो ? : किरण पण्डित
- ✓ कहिले नियुक्त भयो ? : वि.सं.२०८२ चैत्र २४ गते
- ✓ नियुक्त पद: डेपुटी गभर्नर, नेपाल राष्ट्र बैंक
- ✓ निर्णय गर्ने निकाय: नेपाल सरकार, मन्त्रिपरिषद्
- ✓ रिक्त स्थान: नीलम ढुङ्गाना तिम्सिना र बमबहादुर मिश्रको अवकाशपछि रिक्त दुई पदमध्ये एकमा
- ✓ पण्डित वि.सं. २०६२ सालमा बैंक सेवामा प्रवेश गरेका हुन्। यसअघि उनले राष्ट्र बैंकको कार्यकारी निर्देशकका रूपमा पेमेन्ट तथा सेटलमेन्ट विभाग र प्रवक्ताको जिम्मेवारी सम्हालिसकेका छन्।

**४. राष्ट्रिय योजना आयोगको उपाध्यक्षमा डा. गुणाकर भट्ट कहिले नियुक्त हुनुभएको हो?**

A) २०८२ चैत २३ गते
B) २०८२ चैत २४ गते
C) २०८२ चैत २५ गते
D) २०८२ चैत २६ गते

**उत्तर : B) २०८२ चैत २४ गते**

**राष्ट्रिय योजना आयोगको उपाध्यक्षमा डा. गुणाकर भट्ट नियुक्त**

- ✓ नियुक्त पद : उपाध्यक्ष, राष्ट्रिय योजना आयोग (National Planning Commission)
- ✓ नवनियुक्त व्यक्तित्व: डा. गुणाकर भट्ट (Dr. Gunakar Bhatta)
- ✓ नियुक्ति मिति: २०८२ चैत २४ गते, मंगलबार (७ अप्रिल २०२६)
- ✓ निर्णय गर्ने निकाय: नेपाल सरकार, मन्त्रिपरिषद् बैठक
- ✓ अनुभव: डा. गुणाकर भट्ट यसअघि नेपाल राष्ट्र बैंकको कार्यकारी निर्देशक र प्रवक्ताको रूपमा कार्यरत थिए। उनले अर्थतन्त्र, मौद्रिक नीति र अनुसन्धानको क्षेत्रमा लामो अनुभव संगालेका छन्।

**५. साफ यू-२० च्याम्पियनसिप २०२६ को विजेता राष्ट्र कुन हो ?**

A) भारत
B) नेपाल
C) बंगलादेश
D) माल्दिभ्स

**उत्तर: C) बंगलादेश**

**साफ यू-२० च्याम्पियनसिप २०२६**



- ✓ विजेता: बंगलादेश (यो बंगलादेशको दोस्रो उपाधि हो)।
- ✓ उपविजेता: भारत।
- ✓ आयोजक स्थल: माले, माल्दिभ्स।
- ✓ फाइनल खेल: २०२६ अप्रिल ३ मा भएको थियो। निर्धारित समयमा कुनै गोल नभएपछि (०-०) खेल पेनाल्टी सुटआउटमा पुगेको थियो। बंगलादेश पेनाल्टी सुटआउटमा ४-३ ले विजयी भएको थियो।
- ✓ नेपालको प्रदर्शन: नेपाल सेमिफाइनलमा बंगलादेशसँग ४-१ ले पराजित भएको थियो। यसअघि सन् २०२४ मा नेपाल बंगलादेशसँग ४-१ ले पराजित भएको थियो।

**६. महान्यायाधिवक्ता डा. नारायण कँडेलको नियुक्ति कहिले भएको हो ?**



A) वि.सं. २०८२ चैत २२ गते
B) वि.सं. २०८२ चैत २३ गते
C) वि.सं. २०८२ चैत २४ गते
D) वि.सं. २०८२ वैशाख १ गते

**उत्तर : A) वि.सं. २०८२ चैत २२ गते**

**७. कुन मितिदेखि हप्ताको २ दिन सार्वजनिक बिदा दिने निर्णय लागू गरिएको छ ?**

A) वि.सं. २०८२ चैत २२ गते
B) वि.सं. २०८२ चैत २३ गते
C) वि.सं. २०८२ चैत २४ गते
D) वि.सं. २०८२ चैत २५ गते

**उत्तर: B) वि.सं. २०८२ चैत २३ गते**

**८. वि.सं. २०८२ को सिँचाइ दिवसको नारा के रहेको छ?**

A) सिँचाइमा सुधार, कृषिमा विस्तार
B) जलस्रोतको व्यवस्थित उपयोग, समृद्ध देश निर्माणमा सहयोग
C) सफा पानी, समृद्ध जिन्दगानी
D) हरेक खेतमा पानी, हरेक हातमा काम

**उत्तर: B) जलस्रोतको व्यवस्थित उपयोग, समृद्ध देश निर्माणमा सहयोग**

**७३ औं सिँचाइ दिवस २०८२**

- ✓ कहिले मनाइन्छ ? : चैत्र २५
- ✓ कति औं सिँचाइ दिवस : ७३ औं
- ✓ वि.सं. २०८२ को नारा : 'जलस्रोतको व्यवस्थित उपयोग, समृद्ध देश निर्माणमा सहयोग'
- ✓ नहर विभागको स्थापना : २००९
- ✓ २०७५ सालमा जलस्रोत तथा सिँचाइ विभाग (सिँचाइ विभाग र जलउत्पन्न प्रकोप व्यवस्थापन विभाग गाभिएर)।
- ✓ प्रथम आधुनिक सिँचाइ प्रणाली: चन्द्र नहर (Chandra Canal)
- ✓ निर्माण अवधि: वि.सं. १९७९ मा सुरु भई १९८५ मा सम्पन्न
- ✓ स्थान: सप्तरी (पानीको स्रोत: उदयपुरको त्रियुगा नदी)
- ✓ तत्कालीन राणा प्रधानमन्त्री चन्द्र शमशेर र चिफ इन्जिनियर डिल्लीजङ्ग थापा
- ✓ क्षमता: १०,५०० हेक्टर जमिनमा सिँचाइ (हाल जाइकाको सहयोगमा सुदृढीकरण गरिएको)

**सिँचाइको वर्तमान अवस्था**

| विवरण | तथ्याङ्क |
| --- | --- |
| कुल कृषियोग्य जमिन | ३५ लाख ५७ हजार ७०० हेक्टर |
| कुल सिँचाइयोग्य क्षेत्र | २५ लाख ३६ हजार हेक्टर |
| हालसम्म सिँचाइ विस्तार | १५ लाख ८७ हजार ९१० हेक्टर |
| कृषिमा आश्रित जनसङ्ख्या | करिब ६२% |

**राष्ट्रिय गौरवका ६ सिँचाइ आयोजनाहरू:**

१. **सिक्टा सिँचाइ आयोजना (बाँके):** ४२,७६६ हेक्टर लक्ष्य (हाल २२,५०० सम्पन्न)
२. **बबई सिँचाइ आयोजना (बर्दिया):** ३६,००० हेक्टर लक्ष्य (हाल २७,३३० सम्पन्न)
३. **रानी जमरा कुलरिया (कैलाली):** ३८,३०० हेक्टर लक्ष्य (हाल १४,३०० सम्पन्न)
४. **महाकाली सिँचाइ आयोजना (कञ्चनपुर):** तेस्रो चरणको काम जारी
५. **भेरी बबई डाइभर्सन (सुर्खेत):** बहुउद्देशीय (सिँचाइ र विद्युत)
६. **सुनकोशी मरिन डाइभर्सन (सिन्धुली):** तराईको सिँचाइका लागि महत्त्वपूर्ण

# अनुसन्धानलाई राष्ट्रिय दायित्वका रूपमा लिन सक्नुपर्छ : उपराष्ट्रपति यादव

राष्ट्रिय समाचार समिति

*काठमाडौं, चैत्र २७ गते ।*

उपराष्ट्रपति रामसहाय प्रसाद यादवले स्वास्थ्य अनुसन्धानलाई शैक्षिक अभ्यासमात्र नभई राष्ट्रिय दायित्वका रूपमा स्वीकार गर्नुपर्ने आवश्यकता औँल्याउँदै प्रमाणमा आधारित नीति निर्माणलाई सुदृढ बनाउन सबै पक्षसँगको सहकार्य अपरिहार्य भएको बताएको छ ।

नेपाल स्वास्थ्य अनुसन्धान परिषद्द्वारा शुक्रवार काठमाडौंमा आयोजित 'नेपालमा स्वास्थ्य तथा जनसंख्या वैज्ञानिकहरूको १२ औं राष्ट्रिय शिखर सम्मेलन'को उद्घाटन समारोहमा स्वास्थ्य अनुसन्धानले रोगका कारण, उपचारका विकल्प, जनसंख्या-स्वास्थ्य प्रवृत्ति तथा सामाजिक-आर्थिक प्रभावबारे दीर्घकालीन दृष्टिकोण प्रदान गर्न सहयोग पुग्ने उनले बताए ।

नसर्ने रोगहरूको बढ्दो बोझ, जलवायु परिवर्तनका प्रतिकूल असर, भौगोलिक तथा सांस्कृतिक विविधताबाट उत्पन्न असमानताजस्ता चुनौतीलाई सामना गर्न अनुसन्धानलाई राष्ट्रिय प्राथमिकतामा राख्नुपर्नेमा उपराष्ट्रपतिको जोड थियो । "परम्परागत उपचार पद्धति र आधुनिक वैज्ञानिक अनुसन्धानबीच सहकार्यलाई प्रोत्साहन गर्नुपर्ने आवश्यकता छ", उनले भने, "अनुसन्धानका नतिजा केवल शैक्षिक प्रकाशनमा सीमित नराखी नीति, कार्यक्रम र कार्यान्वयनमा प्रत्यक्ष प्रयोग गर्न सक्नुपर्छ ।"

संविधानले स्वास्थ्यलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको उल्लेख गर्दै उपराष्ट्रपति यादवले वैज्ञानिक तथ्याङ्कलाई नीति निर्माणमा रूपान्तरण गर्नु संविधानको मूल मर्म भएको बताए । उनले भने, "अनुसन्धानले चिकित्सक, स्वास्थ्यकर्मी तथा वैज्ञानिकलाई अद्यावधिक ज्ञान प्रदान गर्दै व्यावहारिक दक्षता अभिवृद्धिमा सहयोग पुग्ने र नीति निर्माता, शिक्षाविद् तथा विकास साझेदारबीच सहकार्यको वातावरण निर्माणमा सघाउँछ ।"

# मधेस प्रदेशमा थप ६ दिन सार्वजनिक बिदा

राजा झा

*जनकपुरधाम, चैत्र २७ गते ।*

मधेस प्रदेश सरकारले आगामी वर्ष २०८३ मा थप ६ दिन सार्वजनिक बिदा दिने निर्णय गरेको छ । संघ सरकारले दिएको बिदाका अतिरिक्त प्रदेशभर थप ६ दिन बिदा दिने निर्णय गरिएको छ । मधेस प्रदेश सरकारले प्रदेश राजपत्रमा प्रकाशित गर्दै आगामी वर्षमा थप बिदा दिने जनाएको हो ।




मधेश प्रदेशमा वैशाख २ गते बुधबार सिरुवा पावनीको अवसरमा, कार्तिक ३० गते सोमबार छठ पर्व अन्तर्गत उदाउँदै गरेको सूर्यलाई अर्घ्य दिइने दिन, मंसिर २८ गते सोमबार विवाहपञ्चमीको अवसरमा बिदा दिने निर्णय गरेको हो ।

यस्तै, प्रदेश सरकारले आवश्यकता अनुसार थप ३ दिन बिदा घोषणा गर्ने प्रदेश राजपत्रमा उल्लेख छ ।

गृह, सञ्चार तथा कानुन मन्त्रालयका निमित प्रदेश सचिव गणेश नायकका अनुसार नेपाल राजपत्रको खण्ड ७५, संख्या ६७, भाग ५ गत फागुन १८ गतेको राजपत्रमा प्रकाशित सूचना अनुसार बैशाख १ गतेदेखि चैत मसान्तसम्ममा एक वर्षभरि सबै सरकारी कार्यालय तथा सार्वजनिक निकायका लागि निर्धारण गरिएको सार्वजनिक बिदाको अतिरिक्त थप ६ दिन बिदा स्वीकृत गर्ने निर्णय भएको छ ।

# तिलाबे नदीमा बेलिब्रिज निर्माण

राष्ट्रिय समाचार समिति

*वीरगञ्ज, चैत्र २७ गते ।*

पर्साको तिलावे नदीमा बेलिब्रिज निर्माण थालिएको छ । ग्रामीण भेगसँग जोड्ने वीरगञ्ज महानगरपालिका र बहुदरमाई नगरपालिकाको सिमानामा रहेको तिलावेमा पुल निर्माण कार्य रोकिएको झन्डै डेढ वर्षपछि बेलिब्रिज निर्माणको काम अघि बढेको हो ।

विक्रम संवत् २०८१ को बर्सातका कारण तिलावेमा पुल निर्माण कार्य रोकिएको थियो । पुल नभएपछि सो क्षेत्रमा सवारीसाधन गुडाउन समस्या हुँदै आएको छ । नारायणी सिँचाइ व्यवस्थापन कार्यालयका प्रमुख मनोजप्रसाद पटेलले तिलाबे नदीमा रहेको पुल भत्किएको स्थानभन्दा केही तल करिब ४८ मिटर लामो बेलिब्रिज निर्माणको काम अघि बढाइएको बताए।

"तिलाबे पुलको पिलर क्षतिग्रस्त भएसँगै गत मङ्सिर महिनामा बेलिब्रिज निर्माणका लागि ठेक्का सम्झौता भएको हो," उनले भने, "ठेक्का सम्झौताअनुसार तिलावेमा बेलिब्रिज २०८३ वैशाख अन्तिमसम्म निर्माण सम्पन्न हुनुपर्नेछ ।"

जलस्रोत तथा सिँचाइ विभागअन्तर्गतको नारायणी सिँचाइ व्यवस्थापन कार्यालयले तिलावे नदीमा बेलिब्रिज निर्माणका लागि २०८२ मङ्सिर २९ गते रु दुई करोड ४६ लाख ६० हजारमा ठेक्का सम्झौता गरेको थियो । वीरगञ्ज महानगरदेखि ग्रामीण क्षेत्रमा जाने व्यस्त सडकमा पर्ने पुल निर्माणमा ढिलासुस्ती हुँदा यहाँका सर्वसाधारण सास्ती भोग्दै आएका छन् ।

निर्माण कम्पनी ममता इन्टरप्राइजेज एन्ड कन्स्ट्रक्सन प्रालिका इन्जिनियर मनोजकुमार मण्डलले तिलावे पुलको बेलिब्रिज निर्माणको काम ३० प्रतिशत सम्पन्न भएको बताउनुभयो । तोकिएको समयमै काम सम्पन्न गर्ने उनले बताए । अहिले सो ठाउँमा डाइभर्सन गरेर अस्थायी रूपमा सवारीसाधन सञ्चालन गरिँदै आएको छ ।

# रूग्ण आयोजना सरकारको प्राथमिकतामा

राष्ट्रिय समाचार समिति

*काठमाडौं, चैत्र २७ गते ।*

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री विराजभक्त श्रेष्ठले देशलाई थप वित्तीय भार पर्ने नयाँ आयोजना सुरु गर्नुभन्दा वर्षौंदेखि रुग्ण रहेका आयोजनालाई प्राथमिकताका साथ सम्पन्न गर्ने लक्ष्य रहेको बताएको छ ।

शुक्रवार जलस्रोत तथा सिँचाइ मन्त्रालयका वरिष्ठ अधिकारीहरूसँगको छलफलमा रुग्ण आयोजना वर्गीकरण तिनलाई यथाशक्य चाँडो पूरा गर्नेतर्फ लाग्नुपर्नेमा जोड दिँदै उनले मन्त्रीस्तरीय निर्णय तत्काल हुने अन्य तहबाट पनि जिम्मेवारीअनुसार परिणाम देखिने गरी कार्य गर्न निर्देशन दिए ।

उनले भने, "चालु आवको बाँकी तीन महिनामा जनताले सुधारको अनुभूति गर्ने र परिणाम देखिने गरी सबै मिलेर काम गरौं ।" वित्तीय, शासकीय तथा संरचनागत सुधारका सम्भावनाबारे सहकार्य गर्नुपर्नेमा जोड दिँदै मन्त्री श्रेष्ठले क्षमता, सीप र बजेटको अधिकतम उपयोगमार्फत लक्ष्य हासिल गर्नुपर्ने बताए ।

जलस्रोत सचिव सरिता दवाडीले आयोजनाहरू जग्गा प्राप्ति, रुख कटानलगायत समस्याबारे जानकारी दिँदै राष्ट्रिय गौरवका आयोजनालाई प्राथमिकतामा राख्नुपर्ने बताए ।

हाल बबई, सिक्टा, रानी-जमरा-कुलरिया सिँचाइ आयोजना र सुनकोशी-मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनालगायत छ वटा राष्ट्रिय गौरवका आयोजना सञ्चालनमा छन् ।

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

श्री त्रिभुवन नमुना माध्यमिक विद्यालय
गौशाला, महोतरीको

शैक्षिक सत्र २०८३का लागि Diploma in Civil Engineering (9-12)

संकाय अध्ययन गर्न ईच्छुक छात्र-छात्राहरूलाई फारम भर्नाको लागि आह्वान गरिन्छ ।

हाम्रो विशेषताहरू
१. अनुशासित वातावरणमा दक्ष शिक्षक/प्रशिक्षकद्वारा अध्यापन गराईने ।
२. सुविधा सम्पन्न प्रयोगशालाको छुट्टा छुट्टै विषयको व्यवस्था भएको ।
३. प्रत्येक कक्षामा र विद्यालयको हरेक ठाउँमा CC TV क्यामराको निगरानीमा अध्यापन साथै विद्यार्थीको रेखदेख निगरानी गरिने ।
४. Civil Engineering मा अध्ययन छात्र/छात्राहरुका लागि परीक्षण सम्बन्धी प्रयोगशालाको व्यवस्था ।
५. प्रत्येक कक्षामा वर्ग विभाजनको (Section) व्यवस्था।
६. स्मार्ट बोर्डको प्रयोग गरि अध्यापन गराईने ।

हाम्रो कार्यक्रम
१. फारम वितरण २०८२ १२ २० गतेदेखि २०८३ ०१ ०४ सम्म ।
२. Orientation Class २०८३ ०१ ०२ गतेदेखी ०५ गते सम्म
३. प्रवेश परीक्षा २०८३ ०१ ०६ गते ।
४. भर्ना सुरू २०८३ ०१ ०७ गतेबाट
५. कक्षा संचालन २०८३ ०१ १३ गतेबाट..............
६. सम्पर्क स्थान श्री त्रि.न.मा.वि. को कार्यालय
७. समय विहान ७ ०० बजेदेखि ११ ०० बजे सम्म ।
८. फारम र प्रवेश परीक्षा दस्तुर रु १००/- ।




भवदिय: श्री त्रिभुवन नमूना माध्यमिक वि. परिवार
गौशाला-५, महोतरी

प्र.अ. विनोद महतो
Mo. 9814800989
Co-ordinator:-
Er. Pappu Kr. Roushan
Mo:-9801674850

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादक: सन्तकुमार क्षेत्री